त्रिभुवन विश्व विधालय
ईन्जिनियरिङ्ग अध्ययन संस्थान
**पुल्चोक क्याम्पस**
स्नातकोत्तर छात्राबास आवेदन फारम

त्रि.वि.इ.अ.सं.
पुल्चोक क्याम्पस
स्नातकोत्तर छात्राबास

१.विद्यार्थीको विवरण
Name............................ Roll No..................Department & Program ...........
Phon No.......................... .Email.........................................
M.Entrance Roll No..............Rank...............Score..............
२.अभिभावकको नाम....................................नाता.................................
अभिभावकको फोन नं..........................अभिभावक रहेको स्थान....................

३.नागरिकता अनुसार पछिल्लो पल्ट कायम गरिएको सदरमुकाम र नगरपालिका अनुसारको स्थानको विवरण

| सि.नं. | नागरिकता अनुसार जन्मस्थानको विवरण | जिल्ला गा.वि.स न.पा.को नाम | |
|---|---|---|---|
| क | दुर्गम जिल्ल सदरमुकाम वा नगरपालिका बाहिर | | |
| ख | दुर्गम जिल्ल सदरमुकाम वा नगरपालिका | | |
| ग | सुगम जिल्ल सदरमुकाम वा नगरपालिका बाहिर | | |
| घ | सुगम जिल्ल सदरमुकाम वा नगरपालिका | | |

४.एस एल सी दिएको स्कूल र पछिल्लो पल्ट कायम गरिएको सदरमुकाम र नगरपालिका अनुसारको स्थानको विवरण

| सि.नं. | एस एल सी.दिएकोस्थानको विवरण | जिल्ला गा.वि.स न.पा.को नाम | यदि एस एल सी दिएकोजिल्ला नागरिकता भन्दा स्थानमाफरक भए ()चिन्ह लगाउनुहोस् । |
|---|---|---|---|
| क | दुर्गम जिल्ल सदरमुकाम वा नगरपालिका बाहिर | | |
| ख | दुर्गम जिल्ल सदरमुकाम वा नगरपालिका | | |
| ग | सुगम जिल्ल सदरमुकाम वा नगरपालिका बाहिर | | |
| घ | सुगम जिल्ल सदरमुकाम वा नगरपालिका | | |

**द्रस्टव्य**

| | |
|---|---|
| क | नगरपालिका भन्नले पछिल्लो पल्ट कायम भएको नगरपालिका बुझाउने छ। |
| ख | काठमाण्डौ, ललितपुर र भक्तपुर उपत्यकामा जन्म भई सोही ठाउबाट एस एल सी. पास गरेका विधर्थीहरु छात्राबासको लागि योग्य हुने छैनन् । विदेशको नागरिकता वा विदेशबाट एस एल सी पास गरेका विधार्थी छात्राबासको लागि योग्य हुने छैनन् । |
| ग | २५ दुर्गम जिल्ला ताप्लेजुङ्ग, संखुवासभा, सोलुखुम्बु, दोलखा, सिन्धुपाल्चोक, धादिङ्ग, रसुवा, गोरखा, मानङ्ग, मुस्ताङ्ग, सल्यान, रोल्पा, रुकुम, दैलेख, जाजरकोट, डोल्पा, जुम्ला, हुम्ला मुगु कालीकोट, बझाङ्ग, बाजुरा, अछाम, दार्चुला, डडेल्धुरा । |
| घ | बाँकी सुगम जिल्ला । |

वुझाउनु पर्ने कागजातहरु
(क) नगरिकताको प्रमाणपत्रको प्रतिलिपी
(ख) एस एल सी र बी.इ को लब्धाङ्क पत्र र चारित्रिक प्रमाणपत्रको .प्रतिलिपि
(ग) पासपोट साइजजको फोटो २ वटा
(घ) न.पा. । गा.वि.स. को सिफारिस
मथि उल्लेख गरेको विवरण सही छ यदि झुठा ठहरिएमा छात्राबासको नियम अनुसार छात्राबास बस्न योग्य नहुनेमा मेरो मञ्जुरी छ ।

विद्यार्थीको हस्ताक्षर.................................... मिति............................

त्रिभुवन विश्वविद्यालय
इन्जिनियरिङ्ग अध्ययन संस्थान
पुल्चोक क्याम्पस

त्रि.वि.इ.अ.सं.
पुल्चोक क्याम्पस
स्नातकोत्तर छात्रावास

**छात्रावासमा बस्ने विद्यार्थीले निम्न बमोजिम नियमहरु पालन नगरेमा छात्राबासबाट निष्काशित गरिने छ ।**

१. स्नातकोत्तर छात्रावासको पूर्व स्वीकृती नलिई लामो समय सम्म बाहिर जाने, बिदामा बस्ने, अनाधिकृत विद्यार्थीहरुलाई आफ्नो कोठामा प्रवेश गराउने तथा छात्राबासको नियम बिरुद्ध कार्य गरेको पाइएमा ।

२. कुनैपनि विद्यार्थी छात्राबासमा आवश्यक उपस्थित दिन भन्दा कम उपस्थित भएमा प्रथम पटक लिखित स्पष्टिकरण माग गर्ने । दोश्रो पटक पनि आवश्यक दिन भन्दा कम उपस्थित भएमा
**नोट : हाजिरी सार्बजनिक बिदाको दिनमा नगरिने भएकोले हाजिरी दिन गणना हुँदा सार्बजनिक दिन कटाएर गणना गरिनेछ । साथै हाजिरी दिनहरुमा ७०% अनिवार्य उपस्थित हुनु पर्नेछ ।**

३. स्नातकोत्तर छात्रावासमा आवासिय सुविधा प्राप्त गरेका विद्यार्थीहरुले छात्रावास प्रशासनलाई कुनै जानकारी नदिई आफू बसेको कोठाको फर्निचर लगाएतका सामाग्रीहरु अनिवार्य रुपमा नबुझाई छात्रावास छोडेमा, कोठा सरेमा, कोठाका भित्तामा जथाभावी रङ्ग लगाउने, चित्र कोरेमा वा छात्राबास नियम विपरित काम गरी ३ पटक सम्म दिएको चेतावनी (Warning) को वेवास्ता गरी छात्रावासको वातावरणमा खलल पु-याएमा त्यस्ता विद्यार्थीहरुलाई छात्राबासबाट निष्कासन गरिने छ ।

४. प्रत्येक आवासीय प्राप्त गरेका विद्यार्थीहरुले अनिवार्य रुपले छात्राबासमा बसेको हुनुपर्नेछ । यदि कुनै विद्यार्थीलाई अत्यावश्यक काम परेमा वा आकस्मिक घटनाहरु भए वा घटेमा, विद्यार्थी आफू विरामी भई लामो समय सम्म उपचार गर्नुपरेमा छात्राबास प्रशासनसँग लिखित निवेदन स्वीकृत गराएर मात्र बस्नुपर्नेछ ।

५. छात्रावास भित्र आफ्नो कोठामै जुत्ता, चप्पलको व्यवस्थापन गर्नुपर्नेछ । आफ्नो कोठाको सम्पूर्ण जिम्मेवार विद्यार्थी स्वयं हुनुपर्नेछ । मोवाइल, ल्यापटप लगायत बहुमुल्य सामाग्रीहरुको जिम्मेवार विद्यार्थी स्वयं हुनुपर्नेछ ।

६. छात्रावास भित्र निषेधित गरिका बस्तु र निषेध गरिएका कृयाकलाप गर्न पाइने छैन् । यदि त्यस्तो क्रियाकलाप र बस्तु भेटिएमा जुनसुकै समय छात्रावासबाट निष्कासन गरिनेछ ।

७. छात्रावासमा बस्ने विद्यार्थीहरुलाई गम्भिर किसिमको निको नहुने रोग लागेको खण्डमा अभिभावकको जिम्मा लगाइनेछ ।

८. छात्रावासमा बस्ने विद्यार्थीहरुमाथी फौजदारी अभियोग प्रमाणित भएमा छात्रावासबाट निष्कासन गरिनेछ । छात्रावास सम्बन्धी विनियम २०५७, पुल्चोक क्याम्पसको नियम परिपत्र र छात्रावासमा बस्ने विद्यार्थीहरुले अनिवार्य रुपले पालना गर्नुपर्नेछ ।

९. कुनै पनि विधार्थीले मादक पदार्थ सेवन गरेर छात्राबास भित्र प्रवेश गर्न पाइने छैन । साथै नेपालको कानूनले बन्देज गरेका बिस्फोटक पदार्थ, लागु पदार्थ, मादक पदार्थ, आगलागी हुने पदार्थ, घातक हातहतियार हरु छात्राबासमा राख्न पाइने छैन ।

.........................
अभिभावकको हस्ताक्षर

| दाया | बाया |
|---|---|
| | |

..........................
विद्यार्थी हस्ताक्षर

| दाया | बाया |
|---|---|
| | |

..........................
उप प्रा. डा. गणेश गौतम
सुपरीवेक्षक

त्रिभुवन विश्वविद्यालय

इन्जिनियरिङ्ग अध्ययन संस्थान

पुल्चोक क्याम्पस

**छात्रावासमा आवेदन दिने विद्यार्थीले निम्न बमोजिमका छात्रावासका नियमहरु अध्ययन गरी प्रतिवद्धता पत्रमा हस्ताक्षर गर्नुपर्नेछ ।**

१. स्नातकोत्तर छात्रावासको पूर्व स्वीकृती नलिई लामो समय सम्म बाहिर जाने, बिदामा बस्ने, अनधिकृत विद्यार्थीहरुलाई आफ्नो कोठामा प्रवेश गराउने तथा छात्राबासको नियम बिरुद्ध कार्य गरेको पाइएमा त्यस्ता विद्यार्थीलाई तत्काल छात्रावासबाट निष्काशन गर्नसकिनेछ ।

२. स्नातकोत्तर छात्रावासमा आवासिय सुबिधा प्राप्त गरेका विद्यार्थीहरुले छात्रावास प्रशासनलाई कुनै जानकारी नदिई आफू बसेको कोठाको फर्निचर लगाएतका सामाग्रीहरु अनिवार्य रुपमा नबुझाई छात्रावास छोडेमा, कोठा सरेमा, कोठाका भित्तामा जथाभावी रङ्ग लगाउने, चित्र कोरेमा वा छात्राबास नियम विपरित काम गरी ३ पटक सम्म दिएको चेतावनी (Warning) को वेवास्ता गरी छात्रावासको वातावरणमा खलल पु-याएमा त्यस्ता विद्यार्थीहरुलाई छात्राबासबाट निष्कासन गरिने छ ।

३. प्रत्येक आवासीय प्राप्त गरेका विद्यार्थीहरुले अनिवार्य रुपले छात्राबासमा बसेको हुनुपर्नेछ । विद्यार्थीहरुले कुनै पनि बहानामा छात्रावास भित्र खाना पकाउने लगायत अवाञ्छित कार्य गरेको खण्डमा नियमानुसार छात्रावासबाट निष्काशन गरिनेछ । यदि कुनै विद्यार्थीलाई अत्यावश्यक काम परेमा वा आकस्मिक घटनाहरु भए वा घटेमा, विद्यार्थी आफू विरामी भई लामो समय सम्म उपचार गर्नुपरेमा छात्राबास प्रशासनसँग लिखित निवेदन स्वीकृत गराएर मात्र बस्नुपर्नेछ ।

४. छात्रावास भित्र आफ्नो कोठामै वा जुत्ता -याक राखी जुत्ता चप्पलको स्वयंले अनिवार्य रुपमा व्यवस्थापन गर्नुपर्नेछ । आफ्नो कोठाको सम्पूर्ण जिम्मेवार विद्यार्थी स्वयं हुनुपर्नेछ । मोवाइल, ल्यापटप लगायत बहुमुल्य सामाग्रीहरुको जिम्मेवार विद्यार्थी स्वयं हुनुपर्नेछ । छात्रावसमा बस्न अनुमति प्राप्त गरेका प्रत्येक विद्यार्थीलाई मासीक १०(दश) युनीट विद्युत खपत गर्न दिइनेछ । सो भन्दा माथी विद्युत खपत गरेको अवस्थामा नियमानुसार थप शुल्क तिर्नुपर्नेछ । छात्रावास भित्र माटोका हिटर, इन्डक्सन वा विद्युत बढी खपत हुने खालका विद्युतीय सामाग्रीहरु प्रयोग गर्न पाइनेछैन् । छात्रावभित्र लौण्ड्रीको सुविधा परिसर भित्र रहने छैन ।

५. छाँत्रावास भित्र निषेधित गरिका बस्तु र निषेध गरिएका कृयाकलाप गर्न पाइने छैन् । यदि त्यस्तो क्रियाकलाप र बस्तु भेटिएमा जुनसुकै समय छात्रावासबाट निष्कासन गरिनेछ । छात्रावास भित्र कुनैपनि समयमा होहल्ला गर्न पाइने छैन् । छात्रावासमा आवाशिय सुबिधा प्राप्त गर्ने विद्यार्थीहरुका लागि सवारी पार्कीङ्गको कुनै पनि सुबिधा उपलब्ध गराइने छैन् ।

६. छात्रावासमा बस्ने विद्यार्थीहरुलाई गम्भिर किसिमको निको नहुने रोग लागेको खण्डमा अभिभावकको जिम्मा लगाइनेछ ।

७. छात्रावासमा बस्ने विद्यार्थीहरुमाथी फौजदारी अभियोग प्रमाणित भएमा छात्रावासबाट निष्कासन गरिनेछ ।

८. छात्रावास सम्बन्धी विनियम २०५७, पुल्चोक क्याम्पसको नियम परिपत्र र छात्रावासमा बस्ने विद्यार्थीहरुले अनिवार्य रुपले पालना गर्नुपर्नेछ ।

९. कुनै पनि विधार्थीले मादक पदार्थ सेवन गरेर छात्राबास भित्र प्रवेश गर्न पाइने छैन । साथै नेपालको कानूनले बन्देज गरेका बिस्फोटक पदार्थ, लागु पदार्थ, मादक पदार्थ, आगलागी हुने पदार्थ, घातक हातहतियार हरु छात्राबासमा राख्न पाइने छैन ।

श्रीमान् सुपरीवेक्षकज्यू, मैले छात्रावास पाएको खण्डमा उपरोक्त नियमहरु पालना गर्ने प्रतिवद्धता व्यक्त गर्दछु ।

रो.नं.............................नाम................................ हस्ताक्षर ........................ मिति २०८१।०२।

त्रि.वि.इ.अ.सं.
पुल्चोक क्याम्पस

## छात्राबासमा बस्ने प्रत्येक विद्यार्थीहरुले देहायका नियमहरुको पालना गर्नु पर्ने ।

१. हरेक महिनाको दुई पटक मात्र घर जान दिइने छ, शुक्रबार ४:३० बजे जानेले शनिबार ६:३० सम्म फर्कि सक्नुपर्ने छ । त्यस्तै शनिवार बिहान १० बजे जानेले आइतबार बिहान ९:३० बजे सम्म छात्राबासमा फर्की हाजिरी गरिसक्नुपर्नेछ । उक्त दुई पटकमा प्रत्येक महिनाको अन्तिम शनिबार अनिवार्य रुपमा घर जानै पर्ने र बाँकी एक पटक कुनै हप्ताको शनिबार जान सकिने ।

२. मंसिर, पौष र माघ महिनामा हरेक दिन बिहान ७ बजे पछि मात्र बाहिर निस्कन पाउने र साँझ ७:३० बजे भित्र फर्कि हाजिरी गरीसक्नु पर्ने छ । अन्य महिनाको हकमा साँझ ८:३० बजे सम्म फर्किसक्नु पर्नेछ । यदि कुनै विद्यार्थीले विहान कोचिङ्ग क्लास वा अन्यमा भाग लिन चाहेमा अभिभावकको अग्रीम निवेदन र सम्बन्धित संस्थाको पत्र पेश गर्नु पर्ने छ ।

३. छात्राबासमा बिजुलीको सर-सामान चलाउन पाईंदैन र आफु बस्ने कोठामा वार्डेनको पूर्व स्वीकृति बिना हिटर, इस्त्री, पंखा, गाना-बजाना सामान वा अन्य बिजुलीको सामान प्रयोग गर्न पाइने छैन ।

४. कोठामा धेरै पैसा जाने बस्तु, गहना र नगद समेत राख्न पाइने छैन । त्यस्तो बहुमूल्य बस्तु गहना राखी हराएमा वा चोरी भएमा सोको जवाफदेही विद्यार्थी स्वयंम् हुनुपर्नेछ ।

५. वार्डेनको लिखित स्विकृती बिना छात्राबास भित्र कुनै सभा वा बैठक आदि गर्न पाइने छैन ।

६. कुनै नव आगन्तुक लाई छात्राबासमा प्रवेश गर्न अनुमति दिने वा नदिने भन्ने विषयमा वार्डेन/सुपरीवेक्षकले दिएको अनुमति अनुसार हुनेछ ।

७. आगन्तुकले आगन्तुक पुस्तिकामा आफ्नो नाम, भेट्न आउने विधार्थीको नाम, नातम, काम र आएको तथा गएको समय समेत जनाउनु पर्नेछ । महिला छात्राबासको हकमा छात्राबास प्रशासनबाट अनुमति लिएर आगन्तुक कक्षमा मात्र स्वीकृती लिइ भेट गर्न पाइने छ ।

८. कुनै पनि विद्यार्थी छात्राबास बाहिर जाँदा वा बिदामा बस्दा र फर्कदा निश्चित समय तथा जाने स्थान खुल्ने गरी विद्यार्थी बाहिर जाँदा आउँदाको अभिलेख पुस्तिकामा उल्लेख अनिवार्य हुने छ ।

९. अन्य कुनै कामको लागि जस्तै डाक्टर कहाँ जानु परेमा, अस्पताल जानु परेमा अभिभावक स्वयं छात्राबासमा आई कारण जनाई निवेदन पेश गरी, विरामी भए चिकित्सकको आधिकारिक पत्र पेश गरी छात्राबासको वार्डेन/सुपरीवेक्षक सँग विदा मागी लानु पर्नेछ ।

त्रि.वि.इ.अ.सं.
पुल्चोक क्याम्पस

१०. सार्वजनिक विदा एक दिनको परेमा विहान ९:०० बजे देखि साँझ ६:३० बजे सम्म बाहिर निस्कन पाइने छ। तर लगातार दुई दिन सार्वजनिक विदा परेमा एक रातको लागि घर जान पाइने छ । यस बाहेक अन्य सहमती छात्राबास वार्डेन/सुपरीवेक्षकको सल्लाहमा हुने छ ।

११. छात्राबासमा बस्ने छात्राहरुले छात्राबासको सर-सफाई तथा छात्राबासको मर्यादा प्रति ध्यान पुऱ्याउनु पर्नेछ ।

१२. बिना जानकारी लामो समयसम्म बाहिर बसेको खण्डमा लिखित स्पष्टिकरण तथा सो अवधीमा बिरामी भएको भए अनिवार्य रुपमा चिकित्सकको आधिकारिक पत्र (Prescription) पेश गर्नुपर्नेछ ।

१३. हरेक दिन बेलुकी ९:०० बजे छात्राबासको गेट बन्द हुने भएकोले वार्डेनले तथा प्रिफेक्टले ७:०० बजे हाजिरी लिँदा उपस्थित हुनु पर्दछ र वार्डेनको लिखित रुपमा पूर्व स्वीकृति बेगर राती छात्राबासबाट अनुपस्थित हुनु पाउने छैन ।

१४. कुनै पनि विधार्थीले मादक पदार्थ सेवन गरेर छात्राबास भित्र प्रवेश गर्न पाइने छैन । साथै बिस्फोटक पदार्थ, मादक पदार्थ, आगलागी हुने पदार्थ, घातक हातहतियार छात्राबासमा राख्न पाइने छैन ।

१५. वार्डेनको पूर्व स्वीकृती बेगर राती छात्राबासमा अनुपस्थित भएमा त्रि.वि छात्राबास नियम अनुसार कारबाही गारिनेछ ।

१६. प्रत्येक विद्यार्थीले हरेक दिन तोकिएको समयमा छात्राबासमा प्रवेश भइ सकनुपर्नेछ र छात्रावासमा राखिएको हाजिरी पुस्तिकामा अनिवार्य रुपमा आफु उपस्थित भएको समयको रेकर्ड बनाई हस्ताक्षर गर्नुपर्नेछ ।

१७. कुनै आगन्तुकलाई छात्राबासमा प्रवेश गर्न दिएमा त्रि.वि को हानी नोक्सानी र सम्पत्तिको क्षति हुन्छ भन्ने कुरा वार्डेनलाई लागेमा निजको स्वविवेकमा त्यस्ता आगन्तुकलाई छात्राबास प्रवेश गर्न अनुमति दिईने छैन ।

१८. यस विनियममा जेसुकै उल्लेख भएता पनि छात्राबास प्रवेश पाउन, बस्न, खान वा एक पटक छात्राबासमा प्रवेश भएपछि बसी रहन कुनै पनि विधार्थीको अधिकारको कुरा हुने छैन । साथै प्रतिकुल प्रभाव नपर्ने गरी तल लेखिएको अवस्थामा कुनै विद्याथीछात्राबासमा बसी रहन पाउने छैन ।

क) नियमित विद्यार्थी नरहेमा ।

ख) अन्तिम शैक्षिक वर्षको परीक्षा दिई सकेमा ।

ग) अध्ययन सत्र वर्ष सकिए पछि पनि संत्रान्त वा वर्षान्त परीक्षामा सामेल नभएमा ।

१९. निम्न लिखित अवस्थामा छात्राबासमा बन्द रहन सक्ने छ ।

क) सम्बन्धित आंगिक क्याम्पस, अध्ययन संस्थानको केन्द्रिय क्याम्पस तथा तथा केन्द्रिय शिक्षण विभागहरुमा वर्षे हिउँदो विदा भई पढाई बन्द रहेमा ।

ख) छात्राबास मर्मत संभार गर्न ३० दिन भन्दा बढी लाग्ने भएमा ।

ग) सम्बन्धित आँगिक क्याम्पस, अध्ययन संस्थानको केन्द्रिय क्याम्पस तथा तथा केन्द्रिय शिक्षण विभाग कुनै कारणवश लामो अवधी निमित्त वा अनिश्चित कालको निमित्त बन्द रहेमा वा बन्द गर्नु पर्ने भएमा ।

२०. छात्राबाससंग सम्बन्धित नियमको उल्लंघन गर्ने कुनै पनि विधार्थीमाथि वार्डेनले अनुशासन सम्बन्धि नियम अनुसार कारबाही गर्न सक्नेछ ।

२१. छात्राबास बसेका छात्राहरुले अनिवार्य रुपले छात्राबास उपस्थितिको हाजिरी, हाजिरी पुस्तिकामा जनाउनु पर्ने छ । यदि छात्राबास बसी हाजिरी नगरी छुट हुन गएमा सोको जिम्मेवारी आफै लिनुपर्ने छ ।

२२. विधार्थीहरुको हाजिरी सार्वजनिक बिदाको दिन नगरिने भएकोले हाजिरी दिन गणना हुँदा सार्वजनिक बिदाको दिन कटाएर गणना गरिने छ । साथै हाजिर हुनु पर्ने दिनहरुमा ७०% अनिवार्य उपस्थित हुनु पर्ने छ ।

श्रीमान् सुपरीवेक्षकज्यू, मैले छात्रावास पाएको खण्डमा माथि उल्लेखित नियमहरु म पूर्ण रुपमा पालना गर्ने प्रतिवधतामा मेरो मन्जुरिनामा रहेको छ ।

रो.नं............................नाम.............................. हस्ताक्षर ...................... मिति २०८१।०२।